## वायु प्रदूषण सम्बन्धी वातावरण विभागको

## अपिल

मिति २०८० बैशाख ८ गते

विगत एक हप्ता देखि मुलुकभर वायु प्रदूषणको असर बढ्दो रुपमा देखा परिरहेको छ। वायु प्रदूषणको अवस्था बारे आम जनसमुदायमा अवगत गराउन यस विभागले मिति २०७९/१२/२९ मा प्रेस विज्ञप्ती जारी गरेको थियो। वायु प्रदूषणको बढ्दो असर, यसले स्वास्थ्यमा पार्ने समस्याहरु, अपनाउनु पर्ने सतर्कताहरु बारे विभिन्न सन्चार माध्यमहरुले महत्वका साथ समाचार, वहस कार्यक्रम, लेख रचना, सम्पादकीयहरु लेखन, सन्चालन र प्रसारण गरी सरकार तथा आम जनसमुदायमा पुर्याएको सन्देशलाई विभागले सकरात्मक रुपले लिएको छ। प्रतिनिधि सभाका माननीय सभासदहरुले प्रतिनिधि सभामा उठाउनु भएको विषय, वातावरण तथा मौसम क्षेत्रका विज्ञहरुले गर्नु भएको विश्लेषण, सुझाव र आँकलनका विषयमा हार्दिक धन्यवाद दिंदै विभागले यसलाई गम्भिरताका साथ लिएको छ। लामो समय देखिको खडेरी, पछिल्लो समय देशभर फैलिएको डढेलो, कृषिजन्य अवशेष (Agriculture Residue) तथा फोहोर जलाउने कार्य/विकास परियोजना/राजमार्ग विस्तार/ निर्माणजन्य कार्य/उद्योगहरु तथा सवारी साधनबाट निष्कासन हुने धुवाँ/धुलो आदि कारणले नेपालको वायु गुणस्तर सूचकांक (Air Quality Index) ह्वात्तै बढेको देखिएको छ। ठूला औद्योगिक राष्ट्रको विचमा रहेको नेपाल सिमापार वायु प्रदूषण (Transboundary Air Pollution) को कारणले पनि वायु प्रदूषणको चपेटामा पर्दै आएको छ। ठूला पहाडहरुले घेरिएको काठमाण्डौ उपत्यकाको खाल्डोमा प्रदूषणयुक्त वायु प्रवेश गरेपछि वलियो वायु प्रणालीको प्रवाह र पानी नपरेसम्म यसको असर कायमै रहने देखिन्छ।

वायु गुणस्तर सूचकांक ह्वात्तै बढेपछि विभिन्न सरोकारवाला निकायहरुबाट यसको न्यूनीकरण/नियन्त्रण का साथै सचेतना जगाउने लगायतका कार्यहरु भईरहेका छन्। संघीय सरकारका विभिन्न निकायहरु, प्रदेश सरकार/स्थानीय सरकार/उपभोक्ता समूह/समुदायहरु/गैह्रसरकारी संस्थाहरु/पत्र पत्रिका, रेडियो टेलिभिजन र आम सर्वसाधारणहरुबाट प्रदूषण न्यूनीकरणका लागि गरिएका क्रियाकलापहरु तथा सचेतनाका कार्यक्रमहरु प्रति विभाग धन्यवाद व्यक्त गर्दछ।

यस विभागको वायु गुणस्तर अनुगमन प्रणाली (AQMS), Satellite Image, विभिन्न अन्तराष्ट्रिय स्रोतबाट विश्लेषण गर्दा पछिल्लो हप्ता नेपालको अवस्था १००-२०० AQI सम्म देखिएको छ। यो सूचकांकले अस्वस्थकर (Unhealthy Condition) वायुको गुणस्तर देखाएको छ। यसले बालबालिका, वृद्ध वृद्धाहरु एवं श्वासप्रश्वास सम्बन्धी बिरामी र मुटु/दम रोगका बिरामी, COVID का विरामीलाई बढी असर गर्ने र अन्य समूहलाई समेत स्वास्थ्यमा असर पर्ने हुँदा सावधानी अपनाउनु पर्ने देखिन्छ। वायु प्रदूषण नियन्त्रण तथा न्यूनीकरणको विषय वहुपक्षीय सरोकार, जिम्मेवारी, नियमन, नियन्त्रण, स्रोत व्यवस्थापन तथा सचेतनाको विषय भएकोले वातावरण विभागले समग्र सबै प्रति सहयोगको अपेक्षा समेत गर्दछ। यस परिप्रेक्ष्यमा सरोकारवाला निकायहरु र आम सर्वसाधारणहरुलाई देहायका कुराहरुमा विशेष ध्यान दिनु हुन तथा सतर्कता अपनाउनु हुन विभाग हार्दिक अपिल गर्दछ।

१ आम सर्वसाधारणहरु: वन डढेलो रोकथाम तथा नियन्त्रणमा सघाउ पुर्याउन, घर बाहिर आउँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्न, खुल्ला रुपमा प्लाष्टिक तथा कृषिजन्य अवशेष लगायत कुनै प्रकारका फोहोर नजलाउन/जलाउन

नदिनुहन, स्वेच्छिक रुपमा सम्भव भए सम्म गाडी नचलाउन र छोटो दुरीको लागि पैदल तथा साइकल प्रयोग गर्नु हुन।

२ ज्येष्ठ नागरिक, वाल वच्चा, मुटु/दम लगायत श्वासप्रश्वासका विरामीहरुः अति आवश्यक अवस्थामा वाहेक ननिस्कन र घर बाहिर आउँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नु हुन।

३ डढेलो सँग सम्बन्धित नियमनकारी संस्था, उपभोक्ता समूहहरुः डढेलो रोकथाम तथा नियन्त्रण कार्यमा सक्रियता साथ लागिदिनुहुन र स्थानिय प्रशासन तथा समुदायलाई परिचालन गरिदिनुहुन।

४ उद्योग/व्यवसाय/आयोजनाका नियमनकारी सरकारी संस्थाहरुः वायु प्रदूषण बढाउने क्रियाकलापहरु नगर्न/नगराउन तथा वातावरणीय मापदण्ड पालना सम्बन्धी विषयमा निर्देशन परिपत्र गरिदिनुहुन साथै वातावरणीय पक्षको सघन अनुगमन गरिदिनुहुन।

५ प्रदेश सरकार/स्थानीय तहः वायु प्रदूषण व्यवस्थापन सम्बन्धी कार्ययोजना बनाई कार्यन्वयन गरिदिनुहुन र धुलो बढी हुने क्षेत्रमा सम्भव भए सम्म पानी हाल्न र ब्रुमर सन्चालन गरिदिनुहुन।

६ स्थानिय प्रशासन (जिल्ला प्रशासन/इलाका प्रशासन/नेपाल आर्मी/प्रहरी प्रशासन): सरोकार निकायहरुसँग समन्वय गरी डढेलो र प्रदूषण रोकथाममा सहकार्य गरिदिनुहुन।

७ उद्योगी व्यवसायीहरुः वातावरणीय मापदण्ड पालना हुने गरी उद्योग व्यवसाय सन्चालन गरिदिनुहुन।

८ विकास/निर्माण आयोजनाको नेतृत्व गर्ने/सन्चालन गर्ने नीजि क्षेत्र तथा निर्माण व्यवसायीहरुः वातावरणमैत्री तवरबाट विकास/निर्माण कार्य गरिदिनुहुन ।

९ यातायात व्यवसायीहरुः आफ्नो सवारी साधनको नियमित मर्मत सम्भार गर्नुहुन, सवारी प्रदूषणको चेकजाँच गराउनुहुन, हरियो स्टिकर लगाएर मात्र सवारी साधनहरु चलाइदिनुहुन।

१० आम कृषक दाजुभाई तथा दिदीवहिनीहरुः कृषि कार्यबाट उत्पादन हुने कृषिजन्य अवशेषहरुलाई नजलाईदिनुहुन।

११ समग्र सन्चारकर्मीहरुः आम सर्वसाधारण र सरोकारवालाहरुलाई सुसूचित गरिदिनुहुन।

१२ वातावरण/वन डढेलो/मौशम/कृषि क्षेत्रका विज्ञः वायु प्रदूषण सम्बन्धी तथ्य/तथ्याङ्कको विश्लेषण गरी आम सरोकारवालाहरुलाई सुझाव सल्लाह दिनुहुन।

१३ सामुदायिक समूह, गैह्र सरकारी संस्था, आमा समूह, वाल समूह, विद्यालय/शैक्षिक संस्थाहरुः वायु प्रदूषण व्यवस्थापन सम्बन्धी चेतनामुलक क्रियाकलापहरु सन्चालन गरिदिनुहुन।

अन्तमा, वायु प्रदूषणको असर न्यूनिकरण र रोकथाम गर्नसरोकारवाला सबैसँग समन्वय, सहकार्य र साझेदारीको भूमिका खेल्दै तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्यहरु गर्न विभाग प्रतिवद्द र तत्पर रहेको व्यहोरा अनुरोध गर्दछ।

............................

(शिवलाल तिवारी)

महानिर्देशक